**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु आज बाट केंद्र शासित प्रदेश दादरा अनि नगर हवेली तथा दमन अनि दीव को तीन दिवसीय भ्रमणमा जानुहुनेछ।

**२.** प्रधानमंत्री नरेंद्र मोदीले मॉरीशसमा ऐतिहासिक चुनावी जीतका लागी डॉ. नवीन रामगुलाम लाई बधाई दिनुभएको छ।

**३.** केंद्रीय वित्त अनि कॉर्पोरेट मामला मंत्री निर्मला सीतारामनले हिज नयाँ दिल्लीमा एशियन इंफ्रास्ट्रक्चर इन्वेस्टमेंट बैंक- एआईआईबी प्रतिनिधिमंडल सँग बैठक गरिनुभयो।

**४.** महिला एशियाई हकी चैंपियंस ट्रफीमा भारत आज तीनपटकको विजेता दल दक्षिण कोरियासित खेल्ने छ|

**५.** मौसम विभागले 15 नोबेम्बर सम्म तमिलनाडु, पुडुचेरी, कराईकल, तटीय आंध्र प्रदेश, यनम अनि रायलसीमा का केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षा हुने अनुमान व्यक्त गरेकोछ।

**राष्ट्रपति-दौरा**

राष्ट्रपति द्रौपदी मुर्मु आज बाट केंद्र शासित प्रदेश दादरा अनि नगर हवेली तथा दमन अनि दीव को तीन दिवसीय भ्रमणमा जानुहुनेछ। यस अवधि पहिलो दिन उहाँ जम्पोरमा एवियरी, दमनमा सरकारी इंजीनियरिंग कॉलेज अनि निफ्ट परिसर जानुहुनेछ। दोस्रो दिन उहाँले सिलवासामा नमो मेडिकल एजुकेशन एंड रिसर्च इंस्टीट्यूट को भ्रमण गर्नुहुनेछ ।श्रीमती मुर्मु ले त्यहाँको विभिन्न शैक्षणिक संस्थानहरुका छात्रहरु साथै शिक्षकहरु सँग कुराकानी गर्नुहुनेछ । उहाँले जांडा चौक स्कूलको उद्घाटन गर्नुहुनेछ अनि सिलवासामा एक सार्वजनिक समारोहलाई संबोधित गर्नुहुनेछ। उहाँ दीवमा आईएनएस खुकरी मेमोरियल पनि जानुहुनेछ ।

****** ० ******

**उपराष्ट्रपति-पंजाब दौरा**

उपराष्ट्रपति जगदीप धनखड़ले आज पंजाब कृषि विश्वविद्यालय (पीएयू), लुधियाना को भ्रमण गर्नुहनेछ । उहाँ **जलवायु परिवर्तन अनि ऊर्जा रूपान्तरणलाई ध्यानमा राख्दै कृषि खाद्य प्रणालिहरुमा बदलाव** को विषयमा आयोजित अंतर्राष्ट्रीय सम्मेलन-2024 को उद्घाटन समारोहमा मुख्य अतिथिको रुपमा सहभागी हुनुहुनेछन्। सम्मेलनमा पंजाबका राज्यपाल गुलाब चंद कटारिया अनि मुख्यमंत्री भगवंत सिंह मान को पनि उपस्थित रहनेछ।पछि, उहाँ 32ओं सत पॉल मित्तल राष्ट्रीय पुरस्कार अवधि शहरका सत पॉल मित्तल स्कूलका छात्रहरु अनि शिक्षकहरु सँग बातचीत गर्नुहुनेछ ।

****** ० ******

**प्रधानमंत्री-मॉरीशस**

प्रधानमंत्री नरेंद्र मोदीले मॉरीशसमा ऐतिहासिक चुनावी जीतका लागी डॉ. नवीन रामगुलाम लाई बधाई दिनुभएको छ। एक सोशल मीडिया पोस्टमा श्री मोदीले उहाँले डॉ. रामगुलाम सँग कुराकानी गर्नुभएको अनि मॉरीशसको नेतृत्व गर्नमा उहाँको सफलताको कामना गर्नुभएको बताउनुभयो। प्रधानमंत्रीले डॉ. रामगुलाम लाई भारत आउने निमंत्रण पनि दिनुभयो । श्री मोदीले उहाँ विशेष अनि अनौठो साझेदारीलाई दृढ गर्नका लागी मिलेर काम गर्न उत्सुक रहेको बताउनुभयो।

****** ० ******

**पीएम-रूस**

रूसको प्रथम उपप्रधानमंत्री डेनिस मंटुरोवले हिज प्रधानमंत्री नरेंद्र मोदी सँग भेटघाट गर्नुभयो। बातचीत अवधि, दुवै नेताहरुले

व्यापार अनि आर्थिक संबंध, ऊर्जा, कनेक्टिविटी लगायत विभिन्न क्षेत्रहरुमा सहयोग बढ़ाउने कुरामा विचारहरुको आदान-प्रदान गर्नुभयो ।प्रधानमंत्री नरेंद्र मोदीले भारत-रूस विशेष अनि विशेषाधिकार प्राप्त रणनीतिक साझेदारीलाई अझै दृढ बनाउन दुवै पक्ष द्वारा गरिएको प्रयासहरुको सराहना गर्नुभयो। श्री मोदीले राष्ट्रपति पुतिनलाई हार्दिक शुभकामना दिनुहुदै उहाँ सँग निरंतर सहयोगका लागी उत्सुक रहेको बताउनुभयो।

****** ० ******

**पीएम-आईजीएएस उत्सव**

प्रधानमंत्री नरेंद्र मोदी हिज नयाँ दिल्लीमा उत्तराखंड बाट लोकसभा सांसद अनिल बलूनीको आवासमा आयोजित इगास उत्सव समारोहमा सहभागी हुनुभयो। इगास उत्तराखंडको पारंपरिक रोशनीको त्योहार हो। एक सोशल मीडिया पोस्टमा, श्री मोदीले देशवासि साथै उत्तराखंडको मानिसहरुलाई इगास पर्वको बधाई दिनुभयो। उहाँले यस त्योहारले सबैको जीवनमा सुख, समृद्धि अनि खुशहाली ल्याउनेछ भनि आशा व्यक्त गर्नुभयो ।प्रधानमंत्रीले , सरकार विरासत संगसंगै विकासलाई अघि बढ़ाउका लागी प्रतिबद्ध रहेको बताउनु भयो। उहाँले लगभग विलुप्त भैसकेको इगास पर्व एकपल्ट फेरी उत्तराखंडको मानिसहरुक लागी आस्थाको केंद्र बिंदु बनिरहेको कुरामा जोड़ दिनुभयो।प्रधानमंत्रीले इगास को परंपरालाई जीवित रखने प्रयासका लागी उत्तराखंडको मानिसहरुको सराहना गर्नुभयो । श्री बलूनीको आवासमा आयोजित इगास उत्सव समारोहमा केंद्रीय मंत्री एवं भाजपाका राष्ट्रीय अध्यक्ष जेपी नड्डा पनि सहभागी भएका थिए |

****** ० ******

**निर्मला- एआईआईबी बैठक**

केंद्रीय वित्त अनि कॉर्पोरेट मामला मंत्री निर्मला सीतारामनले हिज नयाँ दिल्लीमा एशियन इंफ्रास्ट्रक्चर इन्वेस्टमेंट बैंक- एआईआईबी प्रतिनिधिमंडल सँग बैठक गरिनुभयो। जसमा एआईआईबी का निदेशक मंडल का 11 अधिकारी, प्रबंधन का वरिष्ठ प्रतिनिधि अनि कर्मचारीहरु शामिल थिए।पिछले नौ वर्षमा एआईआईबी को उल्लेखनीय प्रगतिको सराहना गर्नुहुदै , केंद्रीय वित्त मंत्रीले भारतको दृढ व्यापक आर्थिक बुनियादी सिद्धांत अनि डिजिटल सार्वजनिक अवसंरचनाको शक्तिको सृजन अनि दोहनमा प्रदर्शित यसको नेतृत्वको बारेमा बताउनुभयो। श्रीमती सीतारामनले एआईआईबी ले जलवायु अनुकूलन अनि लचीलेपन, बुनियादी ढांचाको विकास, ऊर्जा सुरक्षा, शहरी विकासको प्राथमिकता भएका क्षेत्रहरुमा आफ्नु निवेश बढ़ाउन पर्ने साथै भारतको आउदो पीढ़ीको सुधारका लागी समर्थन बढ़ाउन पर्ने बताउनुभयो। उहाँले एआईआईबी को प्रोजेक्ट डिजाइन अनि कार्यान्वयनमा वित्त प्लस तथा बजट प्लस तत्वलाई लगातार शामिल गर्ने महत्व माथी पनि जोर दिनुयभयो।केंद्रीय वित्त मंत्री एआईआईबी बोर्ड को गवर्नर पनि हुन्। एआईआईबी बोर्ड को भारत भ्रमणको मुख्य उद्देश्य निदेशक मंडलको सदस्य देशहरुमा चलीरहेको नियोजित निवेशको बारेमा समग्र जानकारी प्रदान गर्नु हो।

****** ० ******

**काठमांडू डी-30 शिखर सम्मेलन**

नेपालको राजधानी काठमांडू मा D-30 नशामुक्ति अनि विकलांगता जागरूकता शिखर सम्मेलन सम्पन्न भएको छ यसमा विशेष रूपले युवाहरुमा नशालु दवाईको दुरुपयोगका कारण हुने विकलांगता माथी चर्चा भयो। यस कार्यक्रममा नेपालका राष्ट्रपति राम सहाय यादव ले नशामुक्तिको क्षेत्रमा योगदान पुर्याउने व्यक्तिहरुलाई अंतर्राष्ट्रीय उत्कृष्टता अनि युवा आइकन पुरस्कार वितरित गर्नुभयो। नशालु दवाईको दुरुपयोग हुने लत प्रति जागरूकता फैलाउनका लागी भारत अनि नेपालका प्रतिष्ठित व्यक्तित्वहरुले यस शिखर सम्मेलनमा भाग लिएका थिए। पैरालंपिक रजत पदक विजेता दीपा मलिकले नशालु दवाईको दुरुपयोग बाट हुने विकलांगतालाई रोक्न सकिन्छ, जुन सामान्य जीवन शैलीको लागी ठूलो चुनौती हो भनि भन्नुभयो।

****** ० ******

**झारखंड-चुनाव**

झारखंडमा विधानसभा चुनावको पहले चरणको मतदानका लागी सबै व्यवस्था पूरा भएको छ। यस चरणमा भोलि 43 निर्वाचन क्षेत्रमा मतदान हुनेछ।

****** ० ******

**पाकिस्तान- प्रदूषण**

पाकिस्तानको सबै भन्दा अधिक जनसंख्या भएको पंजाब प्रांतमा वायु प्रदूषणका कारण हुने बीमारिहरु बाट बच्नका लागी धेरैजस्तो बाहरी गतिविधिहरुमा रोक लगिएको छ। केहि क्षेत्रहरुमा दोकानहरु, बाजारहरु अनि मॉल्सहरुलाई छिटो बन्द गर्ने आदेश जारी गरिएको छ। पंजाबका विभिन्न स्थानहरुमा वायु प्रदूषणको उच्च स्तरका कारण धुवाँ बाट हुने बीमारिहरुमा धेरै बढ़ोत्तरी भएको छ। प्रांतको मुख्य शहरमा स्कूलहरु पनि बंद गरिएको छ।लाहौर अनि मुल्तान मा AQI को स्तर पछिलो सप्ताह 2,000 पर गरेको थियो । अंतर्राष्ट्रीय वायु गुणवत्ता सूचकांक स्केलको अनुसार, 300 या यसभन्दा अधिकको सूचकांक मानव स्वास्थ्य लागी खतरा हो ।

****** ० ******

**राष्ट्रपति-सीजेआई रात्रिभोज**

राष्ट्रपति द्रौपदी मुर्मुले देशका नवनियुक्त मुख्य न्यायाधीश न्यायमूर्ति संजीव खन्नाको सम्मानमा हिज रात्रिभोजको आयोजन गर्नुभयो। यस रात्रिभोजमा उपराष्ट्रपति जगदीप धनखड़, रक्षा मंत्री राजनाथ सिंह, विदेश मंत्री डॉ. एस. जयशंकर, पूर्व सीजेआई न्यायमूर्ति डी.वाई. चंद्रचूड़ अनि सर्वोच्च न्यायालयका न्यायाधीहरु साथै उच्च न्यायालयका मुख्य न्यायाधीशहरु सहित अन्य गणमान्य पनि शामिल थिए।

****** ० ******

**महिला-हॉकी**

महिला एशियाई हकी चैंपियंस ट्रफीमा  भारत आज तीनपटकको  विजेता दल दक्षिण कोरियासित खेल्ने छ|बिहारको राजगीर हकी स्टेडियममा हिजो भारतले आफ्नो पहिलो खेलामा मलेशियालाई चार-शून्यले पराजित गरेको थियो|उद्घाटन खेलमा जापान अनि  दक्षिण कोरिया बीच भएको रोमांचक खेल दुई दुईको बराबारीमा रहेको छ ।अर्को एउटा खेलमा भने चीनले  थाईलैंडलाई 15-० ले पराजित गरेको छ।

****** ० ******

**मौसम**

मौसम विभागले 15 नोबेम्बर सम्म तमिलनाडु, पुडुचेरी, कराईकल, तटीय आंध्र प्रदेश, यनम अनि रायलसीमा का केहि स्थानहरुमा हल्का देखि  मध्यम वर्षा हुने अनुमान व्यक्त गरेकोछ। मौसम विभाग अनुसार, तटीय आंध्र प्रदेश, यनम अनि रायलसीमामा आज भारी वर्षा हुने सम्भावना छ ।

****** ० ******

**पश्चिम बंगाल-उपचुनाव**

पश्चिम बंगालको छ विधानसभा सीटहरुमा उपचुनावका लागी प्रचार हिज बेलुका समाप्त भएको छ। उत्तर 24 परगना जिल्लाको हरोआ, नैहाटी सीट, पश्चिम मेदिनीपुर जिल्लाको मेदिनीपुर, अलीपुरद्वार जिल्लाको मदारीहाट, कूचबिहार जिल्लाको सीताई अनि बांकुरा जिल्लाको तलडांगरा सीटमा बुधवार मतदान हुनेछ।  यस उपचुनावमा 15 लाख भन्दा अधिक  मतदाताहरुले 42 उम्मीदवारहरुको राजनीतिक भाग्यको निर्णय गर्नेछन्|चुनाव आयोगले स्वतंत्र अनि निष्पक्ष चुनाव गर्नका लागी हर संभव कदम उठाएको छ। मतदान केन्द्रहरुमा राज्य पुलिस साथै केंद्रीय अर्धसैनिक बललाई पनि तैनात गरिनेछ।

****** ० ******